NEWS
THE CARTER CENTER
ONE COPENHILL, ATLANTA, GA 30307

**नोभेम्बर ३, २०११**

**तत्काल प्रकाशनका लागि**

**एटलान्टामाः डेबोरा ह्याक्स, +१ ४०४ ४२० ५१२४**
**काठमाडौंमाः स्यारा लेभिटसोर, +९७७ ९८५११ ००७१२**

## कार्टर सेन्टर नेपालका राजनीतिक दलहरुले गरेको सहमतिको स्वागत गर्दछ

कार्टर सेन्टर माओवादी लडाकुहरुको समायोजन तथा पुनर्स्थापना, संविधानको मस्यौदा लेखन र अन्य महत्वपूर्ण बुँदा लगायत शान्ति प्रक्रियाका बाँकी रहेका मूख्य मुद्दाहरुलाई सम्बोधन गर्न नेपालका राजनीतिक दलहरुले हालै गरेको सहमतिको स्वागत गर्दछ।

"म नेपालका राजनीतिक दलहरुको यी संवेदनशील तथा चुनौतीपूर्ण मुद्दाहरुमा सहमति जुटाएकोमा सराहना गर्दछु। नेपालका राजनीतिक नेताहरुले फेरि एकपटक फरक मतहरुलाई वार्ताको माध्यमबाट समाधान गर्ने आफ्नो राजनीतिक कुशलता र क्षमता प्रदर्शन गरेका छन्। यो सहमतिको सबै पक्षबाट तीव्र कार्यान्वयनले नेपालको शान्ति प्रक्रियाको ऐतिहासिक सफलतालाई समेट्न सक्छ," पूर्व अमेरिकी राष्ट्रपति तथा कार्टर सेन्टरका सह-संस्थापक जिम्मी कार्टरले भन्नुभयो।

नेपाली जनताहरु दीगो शान्ति तथा समृद्धिको मार्गमा अघि बढिरहँदा कार्टर सेन्टर आफ्नो समर्थन जारी राख्न समर्पित रहनेछ।

####

*कार्टर सेन्टर सन् १९८२ मा अमेरिकी पूर्व राष्ट्रपति जिम्मी कार्टर तथा उहाँकी धर्मपत्नी रोजालिनद्वारा इमोरी विश्वविद्यालयसँगको साझेदारीमा संसारमा शान्ति तथा स्वास्थ्यको प्रबर्द्धन गर्न स्थापित भएको हो। लाभरहित उद्देश्यको एक गैरसरकारी संगठन, द कार्टर सेन्टरले द्वन्द्व समाधान, लोकतन्त्र, मानवअधिकार तथा आर्थिक अवसरको प्रबर्द्धन, रोग निवारण, मानसिक स्वास्थ्यसम्भारको सुधार गर्दै र विकासशील राष्ट्रका किसानहरूलाई अन्न उत्पादन बढाउन सिकाउँदै ७० भन्दा बढी देशका नागरिकको जीवनस्तर उकास्न सहयोग गरेको छ। कार्टर सेन्टरबारे थप जानकारीका लागि [www.cartercenter.org](http://www.cartercenter.org) मा हेर्नुहोस्।*